### राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०८० आश्विन २३ गते मंगलबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को तेस्रो बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

मासिक आय/व्यय प्रगति विवरण प्रतिवेदनमाथि छलफल तथा समीक्षा गरियो, संक्षिप्त प्रतिवेदन तपसील बमोजिम रहेकोछ। (२०८०/०४/०१ देखि २०८०/०६/२२ सम्मको)

क्षेत्रगत बजेट तथा खर्च — रु. हजारमा

आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/०२/२२

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,२१,५०,०००.०० | ३,६३,०६७.०० | ०.५७ | ६,१७,८६,९३३.०० |
| २ | सामाजिक विकास | २५,८८,०३,१९७.०० | ४,४६,४४,७१५.६७ | १७.२५ | २१,४१,५८,४८१.३३ |
| ३ | पूर्वाधार विकास | १८,१९,५०,०००.०० | १८,५८,९२५.०० | १.०२ | १८,००,९१,०७५.०० |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,२१,६२,०००.०० | ४,०२,१३६.०० | ३.३१ | १,१७,५९,८६४.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४५,६०,०००.०० | १,१३,७०,८०९.६२ | १२.०२ | ८,३१,८९,१९०.३८ |

आयको बिबरण

आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/०६/२२

| सि.न | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ३२,१५,००,०००.०० | ७,८९,२५,०००.०० | २४.५५ | २४,२५,७५,०००.०० |
| २ | प्रदेश सरकार | ५,७८,१०,०००.०० | १,४४,५२,५००.०० | २५ | ४,३३,५७,५००.०० |
| ३ | राजस्व वाडफाड | १४,४५,९२,१९७.०० | १,१२,९०,५१५.८५ | ७.८१ | १३,३३,०१,६८१.१५ |
| ४ | अन्तरिक श्रोत | ८,५७,२३,०००.०० | ९,७०,८८,२४७.२६ | ११३.२६ | (१,१३,६५,२४७.२६) |
| | जम्मा | ६०,९६,२५,१९७ | २०,१७,५६,२६३.११ | ३३.०९ | ४०७८६८९३३.८९ |

व्ययको बिबरण

| | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | चालु | ३७,१८,२५,१९७.०० | ५,६७,८०,७२८.२९ | १५.२७ | ३१,५०,४४,४६८.७१ |
| २ | पूंजीगत | २३,७८,००,०००.०० | १८,५८,९२५.०० | ०.७८ | २३,५९,४१,०७५.०० |
| | जम्मा | ६०,९६,२५,१९७.०० | ५,८६,३९,६५३.२९ | ९.६१ | ५५,०९,८५,५४३.७१ |

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकाको क्षेत्रभित्र स्थापना भई संचालन भैरहेका नदीजन्य पदार्थसँग सम्बन्धित कारोबार गर्ने बालुवा प्रशोधन उद्योग, क्रसर उद्योग तथा फर्म र सप्लायर्स हरुको आर्थिक वर्ष २०७९।०८० को २०८० असार मसान्त सम्म भएका कारोबारका आधारमा निज कम्पनीहरुले पेश गरेका आम्दानी तथा खर्चको विवरण, बील भरपाई र अन्य कागजातहरुको अध्ययन गरी कार्यालयको प्राविधिक समितिद्वारा स्थलगत नापजाँच गरी प्रतिवेदन पेश भएको र सोही प्रतिवेदन स्वीकृत गरी राजश्व परामर्श समितिको मिति २०८०।०६।२२ को बैठकबाट सिफारिस भई आए बमोजिम देहाय बमोजिमका उद्योग तथा कम्पनीहरुको तपशील बमोजिमको मौज्दात प्रमाणित गर्ने र सोही विवरणको जानकारी *नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति*मा पठाउने ।

| राक्सिराङ्ग गाँउपालिका कार्यालय,मकवानपुर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नदीजन्य पदार्थको बिवरण (आ.व.२०७९/०८०) परिमाण घन मिटरमा | | | | | | | | | | |
| सि.नं. | उद्योगको नाम | आ व ०७८/०७९ को प्रमाणित मौज्दात | ०७९/०८० मा खरिद | जम्मा मौज्दात | ०७९।०८० मा निकासी बिक्री जम्मा | श्रेस्ता अनुसार मौज्दात | नाप चेकजाँचबाट देखिएको परिमाण | फरक परिमाण | कै. |
| १ | धनलक्ष्मी वालुवा उद्योग रा-५ | ३०२५४ | 0 | ३०२५४ | २६४६१ | ३७९३ | ३९४३ | -१५० | |
| २ | जयहनुमान बालुवा उद्योग रा-५ | २२२१७ | 0 | २२२१७ | २१३८० | ८३७ | ९०० | -६३ | |
| ३ | बज्र हनुमान बालुवा उद्योग रा-५ | ३३१०३.१५ | 0 | ३३१०३.१५ | ३०५०६ | २५९७.१५ | २५४८ | ४९.५४ | |
| ४ | गंगोत्री बालुवा उद्योग रा-५ | ४०२०२.५ | 0 | ४०२०२.५ | २४१०८.५ | १६०९४ | १६०५३ | ४१ | |
| ५ | गा.पा.बाट साईटमा डम्पिङ्ग | ३०१४२ | ० | ३०१४२ | १८२०० | ११९४२ | १२५०२ | -५६० | |
| | जम्मा | १५५९१८.७ | 0 | १५५९१८.७ | १,२०,६५६ | ३५,२६३ | ३५,९४५ | -६८२ | |

निर्णय नं. ४

क) राक्सिराङ्ग गाउँपालिका अन्तर्गत पर्ने मनहरी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा (नदीजन्य पदार्थ) उत्खनन्, संकलन, प्रशोधन तथा विक्रि वितरण प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्यको लागि मिति २०७९।०५।१६ गते सेवा प्रदायक संस्था S Team Consultancy Services, Hetauda, Makawanpur सँग भएको सम्झौता बमोजिम निजबाट पेश हुन आएको प्रतिवेदनको मस्यौदा स्वीकृतीका लागि मिति २०७९।०९।०१ गते जिल्ला समन्वय समितिको कार्यालयमा पेश गरीएकोमा हालसम्म कुनै कारबाही प्रकृया अगाडी नबढेको र गाउँपालिकाको आन्तरिक आय संकलनको प्रमुख स्रोतको रुपमा रहेको नदीजन्य पदार्थको संकलन, उत्खनन् तथा विक्रि वितरण कार्य अगाडी बढाउनुपर्ने भएको हुँदा सो मस्यौदा माथि थप अध्ययन र आवश्यक संशोधनका लागि कार्यालयबाट सम्बन्धित सेवा प्रदायक संस्थालाई पत्राचार गरीएको र सोही बमोजिम संशोधन सहित मिति २०८०।०६।११ गते अन्तिम मस्यौदा प्रतिवेदन पेश हुन आएको हुँदा *राक्सिराङ्ग गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७७* तथा *राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ उपदफा ४* बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

ख) राक्सिराङ्ग गाउँपालिका तथा रासी नगरपालिका चितवनका प्रमुख, उपप्रमुख लगायतका पदाधिकारीहरुको मिति २०८०।६।११ गते रासी नगरपालिकाको कार्यालयमा बसेको संयुक्त समन्वयात्मक बैठक तथा छलफल बमोजिम रासी नगरपालिका तथा राक्सिराङ्ग गाउँपालिकाको बीचमा पर्ने लोथर खोलाबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा विक्रि वितरण गर्ने कार्यको लागि प्रकृया अगाडी बढाउने र सोही बमोजिमको कार्यको लागि आवश्यक समन्वय र सहकार्यको लागि रासी नगर कार्यपालिकामा अनुरोध समेत गर्ने ।

निर्णय नं.५

राक्सिराङ्ग गाउँपालिका अन्तर्गत निर्माण भई संचालनमा रहेका वडा कार्यालयहरु सम्म पुग्ने तथा मुख्य मोटरबाटोहरु वर्षाका कारणले अबरुद्ध भई आवतजावत तथा यातायात संचालनमा कठिन भएको र नेपालीहरुको महान चाड पर्वको अवसरमा यातायात तथा ढुवानी कार्यलाई सहज बनाउनका लागि सडक सरसफाईको लागि सबै वडाबाट समेत माग भई आएकोमा सो सरसफाई कार्यको लागि देहाय बमोजिम गर्न गराउन वडा समिति तथा गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| वडा नं | सरसफाइको लागि तोकिएको घण्टा (स्वीकृत दररेट अनुसार) | प्रयोग हुने मेशिनको किसिम | कैफियत |
|---|---|---|---|
| १ | ५० | जेसिबी ब्याक हु लोडर | वडा मार्फत व्यवस्थापन हुने गरी |
| २ | ५० | जेसिबी ब्याक हु लोडर | " |
| ३ | ३० | जेसिबी ब्याक हु लोडर | " |
| ४ | ५० | जेसिबी ब्याक हु लोडर | " |
| ५ | ३० | जेसिबी तथा एक्स्काभेटर | गाउँपालिकाको मेशिन |
| ६ | ५० | जेसिबी ब्याक हु लोडर | वडा बाट र गाउँपालिकाको मेशिन |
| ७ | ५० | एक्स्काभेटर | वडा मार्फत व्यवस्थापन हुने गरी |
| ८ | ५० | एक्स्काभेटर | गाउँपालिकाको मेशिन |
| ९ | ६० | एक्स्काभेटर | वडा मार्फत व्यवस्थापन हुने गरी |

उल्लेखित मुख्य सडकहरुका अलावा गार्खा रतुवा साइचो अठारे हुँदै ९ नं वडा कार्यालयसम्म र रतुवा बाट ४ नं वडा कार्यालयसम्म बाटो सरसफाइका लागि रिद्धिसिद्धी सिमेन्टस् प्रा लि लाई अनुरोध गर्ने ।

निर्णय नं. ६

राक्सिराङ्ग गाउँपालिकाबाट संचालन र व्यवस्थापन गरिने गरी स्वीकृत भएको १० शैय्याको राक्सिराङ्ग आधारभूत अस्पतालको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारको च.नं ०५ मिति २०७९।०४।०१ को पत्रबाट जानकारी भए अनुसारको नमूना संगठन संरचना र दरबन्दी तेरिज बमोजिमकै संगठन संरचना र दरबन्दी कायम गर्ने र अस्पतालको आवश्यकता अनुसार गाउँपालिकाबाट संगठन संरचना व्यवस्थापन सर्वेक्षण गर्ने ।

निर्णय नं. ७

कृषि उत्पादन एवम् उत्पादकत्व बृद्धिका लागि अनुदानको मल आपूर्ति तथा विक्रि वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनका लागि अनुदानको मल वितरण व्यवस्थपान निर्देशिका २०७७ को दफा १५ बमोजिम विक्रेताको नियुक्तिका लागि पेश हुन आएका माग निवेदक संस्थाहरुको प्रस्तावहरु उपर छलफल गरी दफा ३ बमोजिमको स्थानीय समितिबाट पेश हुन आएको सिफारिस बमोजिम सम्बन्धित मल वितरक कम्पनीमा देहाय बमोजिम सिफारिस गरी पठाउने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चैनपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

देहायः

| मल डिलरशिपि माग तथा नवीकरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | सहकारीको नाम | प्रतिनिधिको नाम | ठेगाना | डिलरशिप | हालको कार्यक्षेत्र | हाल सिफारिस गरिएको कार्यक्षेत्र |
| १ | कुडुले महिला कृषि तथा श्रम सहकारी संस्था लि | टिकामाया मगर | वडा नं ०२ | कृषि सामग्री कम्पनी लि | वडा नं ०१, ०२ | वडा नं २ |
| २ | भर्याङ्गकाली साना किसान कृषि सहकारी संस्था लि | सानुमाया नेगी | वडा नं ०३ | कृषि सामग्री कम्पनी लि, साल्ट ट्रेडिङ्ग कम्पनी लि | वडा नं ०३ | वडा नं ३ |
| ३ | राक्सिराङ्ग कृषि एण्ड पशु फर्म | ईन्द्र बहादुर थिङ्ग | वडा नं ०४ | साल्ट ट्रेडिङ्ग कम्पनी लि | वडा नं ०४ | वडा नं ४ |
| ४ | राक्सिराङ्ग कृषि सहकारी संस्था लि | ईन्द्र बहादुर थिङ्ग | वडा नं ०५ | कृषि सामग्री कम्पनी लि | वडा नं ०५ | खारेज हुने |
| ५ | राक्सिराङ्ग महिला श्रम तथा कृषि सहकारी संस्था लि | कोपिला गोले | वडा नं ०५ | साल्ट ट्रेडिङ्ग कम्पनी लि | सबै | वडा नं ७ |
| ६ | त्रिदेव कृषि सहकारी संस्था लिं | शिव मल्ल | वडा नं ०९ | कृषि सामग्री कम्पनी लि | वडा नं ०९ | वडा नं ९ |
| | नयाँ माग | | | | | |
| ७ | दिपशिखा एकिकृत कृषि तथा पशुपंक्षी फर्म | सितामाया बल | वडा नं ०१ | कृषि सामग्री कम्पनी लि | | वडा नं १ |
| ८ | लेकाली महिला बचत तथा ऋण सहकारी संस्था लि | ईलिना चेपाङ्ग | वडा नं ०५ | कृषि सामग्री कम्पनी लि | | वडा नं ५ |
| ९ | जनचेतना साना किसान कृषि सहकारी संस्था लि | दिनेश प्रजा | वडा नं ०६ | कृषि सामग्री कम्पनी लि | | वडा नं ६ |
| १० | हिमाली देवीटार कृषि सहकारी संस्था लि | राज कुमार स्याङ्गतान | वडा नं ०८ | कृषि सामग्री कम्पनी लि | | वडा नं ८ |

निर्णय नं. ८

मुग्लिन नारायणगढ सडक खण्डको बैकल्पिक मार्गको रुपमा रहेको राक्सिराङ्ग गाउँपालिका अन्तर्गत पर्ने *मनहरी चैनपुर परेवाभिर खैराङ्ग मलेखु जोड्ने सडकको बाङ्गदिराङ्ग बोटबारी परेवाभिर रतुवा खण्ड*को ९.९०५ किलोमिटर सडक निर्माणका लागि कुल लागत रु ६५,३३,२९,६५७.६३ मा बागमती प्रदेश पूर्वाधार विकास मन्त्रालय बाट विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भएकोमा यस आर्थिक वर्ष २०८०।८१ मा पूर्वाधार विकास कार्यालय, चितवनबाट कार्यान्वयन हुने गरी २५ लाख रकम मात्रै विनियोजन भएको, विनियोजन भएको रकम अति न्यून भएकोले थप रकम सुनिश्चितता गरी बहुवर्षीय योजनाको रुपमा स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडी बढाउन आवश्यक निर्णयको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय एबम् भौतिक पूर्वाधार मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

यस गाउँपालिकाको विकट र दुर्गम भेगका वडाहरुमा रहेका मानव विकास सूचकांकमा कमजोर रहेका अति सीमान्तकृत चेपाङ तथा विपन्न तामाङ्ग समुदायका बासिन्दाहरुलाई नजिकैका गुणस्तरीय अस्पतालहरुसम्म सहज रुपले बिरामी ओसार पसार गर्न एम्बुलेन्स अत्यावश्यक भैरहेको अवस्थामा काठमाण्डौ महानगरपालिकाले देशभरका ३५ वटा गाउँपालिकाहरुलाई एम्बुलेन्स वितरण गर्ने सम्बन्धमा मिति २०८०/०६/०४ मा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाको लागि काठमाण्डौ महानगरपालिकासँग एम्बुलेन्स मागको प्रस्ताव पेश गर्ने ।

निर्णय नं. १० विविध:

क) संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमका लागि चालु आर्थिक बर्षमा आर्थिक अभावको कारण न्युन अनुदान अनुदान प्राप्त भएको र नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०८०/०४/१५ को च. नं. २६ को प्राप्त परिपत्र अनुसार उक्त न्युन बजेट सम्बन्धमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ६४ बमोजिम स्थानीय तहकै लागत सहभागीतालाई प्राथमिकता दिई सञ्चालन गर्नु भनि निर्देशन प्राप्त भएकोले संघीय सरकारबाट प्राप्त अनुदानलाई प्रस्तुत निर्देशिकाको अनुसुची १ बमोजिम निम्नानुसार बाँडफाँड गरी निम्नानुसार शीर्षकहरुमा लागत सहभागीता स्वरुप आवश्यक बजेट रु. ६,००,०००/ (छ लाख रुपैया) गाउँपालिकाको आन्तरिक स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | बजेट रेन्ज प्रतिशत | विनियोजन प्रतिशत | संघीय सशर्त अनुदान | गापा लागत सहभागीता |
|---|---|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | १२० | ३ | ३ | २५८०० | |
| २ | उद्यमशीलता विकास तालिम | १०० | ७-९ | ७ | ५१७७२ | |
| ३ | प्राविधिक सीपमुलक तालिम | ६० | ३५-४१ | ३६ | २६६२५६ | |
| ४ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | २० | १५-१८ | १५ | ११०९४ | |
| ५ | लघु कर्जामा पहुँच | २५ | ३-४ | ३ | २५८०० | |
| ६ | बजारीकरण सेवा | २० | ३-५ | ३ | २५८०० | |
| ७ | उद्यम विकास सहजकर्ता | २ | २४-३३ | ३३ | २८३८०० | ६००००० |
| ८ | भैरहेका उद्यमीहरुको लागि पूनःताजकी कार्यक्रम | | | | २००००० | |
| ९ | उपयुक्त प्रविधि हस्तान्तरण | | | | १४०००० | |
| | जम्मा | | | | १२००००० | ६००००० |

ख) राक्सिराङ्ग गाउँपालिका वडा नं ५ ठेगाना रही यस कार्यालयमा मिति २०८०।०६।११ गते सार्वजनिक निर्माण कार्यको लागि इजाजत पत्र प्राप्तिको लागि निवेदन पेश गरेको श्री सिन्कन विल्डर्स प्रा.लि, राक्सिराङ्ग ५, चैनपुर (स्थायी लेखा नम्बर ६१९७६२३९९) लाई राक्सिराङ्ग गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ उपदफा ४ बमोजिम इजाजत पत्र प्रदान गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ग) हिन्दू धर्मावलम्बीहरुको महान पर्व विजया दशमी २०८० को पावन अवसरमा गाउँपालिकाको कार्यालयद्धारा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गर्ने, जनप्रतिनिधी तथा कर्मचारीहरुको बीचमा मैत्रीपूर्ण खेलको आयोजना गर्ने कार्यको लागि युवा तथा खेलकूद शीर्षकबाट रु १,५०,०००।०० रकम विनियोजन गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत